## सातौं वार्षिक साधारण सभाको निर्णय सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा यस उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३।०२।१० गते सम्पन्न सातौं वार्षिक साधारण सभाबाट तपशिल अनुसारको निर्णय भई पारित भएकों विवरण अभिलेख गरिएको छ ।

**साधारण सभाको स्थान र मिति**

मिति: २०८३।०२।१० गते आईतबार (तदनुसार २४ मई, २०२६)
समय: बिहान ११ बजे
स्थान: होटल सेन्टर प्लाजा कोहलपुर, बाँके

**सभाको आधिकारिकता**

संस्थाको कुल चुक्ता पुँजि अनुसार कुल शेयरधनि संख्या अर्थात कुल शेयर कित्ता १०,६१,४८२ को ६,८२,२५८ कित्ता बरावर कुल शेयरधनिको ६४.२७ प्रतिसत उपस्थिति भएकोले कम्पनि ऐन २०६३को दफा ७३ को उपदफा २ बमोजिम पब्लिक कम्पनिको साधारण सभा गर्न गणपुरक संख्या रहेकोले साधारण सभा सम्वन्धि कारवाही प्रक्रिया संस्थाको कम्पनि सचिववाट शुरु गरियो ।

**क) सामान्य प्रस्तावहरु**

१) आर्थिक वर्ष २०८१/०८२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।
२) आ.व.२०८१/०८२ लेखा परिक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०८२ असाढ मशान्त सम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची हरु) समेत वित्तीय विवरण पारित गर्ने सम्वन्धमा ।
३) वैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८२।२०८३ को लेखापरिक्षण समितिको सिफारिस बमोजिम वाह्य लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) सञ्चालक समितिबाट नियुक्ती हुनु भएको सञ्चालकको बाँकी कार्यकालको लागि अनुमोदन गर्ने सम्वनधमा ।
५) संस्थाको चुक्ता पुजि वृद्धिको लागि हकप्रद शेयर जारी गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**ख)बिशेष प्रस्तावहरु**

१. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्वन्धि प्रक्रिया अगाडी वढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
२. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन -Due to diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्वन्धि समझदारी पत्रमा (Memorandum of Understanding ) तर्जुमा गर्न र सो सम्वन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
३. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्वन्धित निकायहरुवाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णयहरु**

१.सामान्य प्रस्तावको प्रस्ताव न. १ माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको आर्थिक वर्ष २०८१/०८२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने निर्णय सहित साधारण सभावाट स्विकृत भई निर्णय भयो ।

२.सामान्य प्रस्तावको प्रस्ताव न. २ माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको आ.व.२०८१/०८२ लेखा परिक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०८२ अषाढ मशान्त सम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची हरु) समेत वित्तीय विवरण छलफल भई साधारण सभावाट स्विकृत भई निर्णय भयो ।

३.सामान्य प्रस्तावको प्रस्ताव न. ३ माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८२।२०८३ का लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरिक्षक श्री PRSH & Associates, Charter Accountants (सुवास पाडेल ) लाई वार्षिक रु ३,००,०००। कर वाहेक पारिश्रमिक भुक्तानी गर्ने गरि नियुक्ति गर्ने साधारण सभा बाट निर्णय भयो ।

४.सामान्य प्रस्तावको प्रस्ताव न.४ सञ्चालक समितिबाट मिति २०८२।०४।११ नियुक्ती हुनु भएको सञ्चालकहरु श्री आरती पौडेललाई बाँकी कार्यकाल र सञ्चालक श्री मुक्तिराम पन्थीलाई प्रभु बैंकको प्रतिनिधिको तर्फबाट सञ्चालकमा नियुक्ती हुनु भएकोमा अनुमोदन गर्ने सर्वसहमती निर्णय भयो ।

५. सामान्य प्रस्तावको प्रस्ताव न. ५ माथि छलफल गर्दा संस्थाको पुँजि वृद्धिको लागि हकप्रद शेयर १:०.५० ( २ कित्ता बराबर १ कित्ता) जारी गरि पुँजी बृद्धिको लागि सम्वन्धित निकायहरुबाट स्विकती लिन आवश्यक प्रक्रियाको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सर्बसम्मतीबाट निर्णय भयो ।

६. बिशेष प्रस्तावको प्रस्ताव न. १ माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धि प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत निर्णय पारित भयो ।

७. बिशेष प्रस्तावको प्रस्ताव न.२ माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन -Due to diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्वन्धि समझदारी पत्रमा (Memorandum of Understanding ) तर्जुमा गर्न र सो सम्वन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय पारित भयो ।

८. बिशेष प्रस्तावको प्रस्ताव न.३ माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्वन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि वमोजिम प्रवन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्ने संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय पारित भयो ।

| | | |
|---|---|---|
| शारदा कुमारी खत्री | भगवति बराल | शान्ति देवि ढकाल |
| कम्पनि सचिव | सस्थापक शेयर सदस्य | अध्यक्ष |

उपकार लघुवित्त वित्तीय संस्था लि.
उपकार
२०७५
केन्द्रिय कार्यालय, कोहलपुर, (बाँके)

Scanned with CamScanner